# सिन्धुली जिल्लाका जुनार बगैंचाधनीहरुलाई अनुरोध

गत बर्षको जस्तै यो बर्ष पनि साउन महिनाको दोश्रो हप्ता देखि सिन्धुली जिल्लाको जुनारका बगैंचाहरुमा फल छेड्ने र चुस्ने चुसाहा पुतली कीरा अथवा सुँडे पुतली देखा परेको हुँदा सो पुतलीले प्रकोपको रुपमा क्षति गर्न सक्ने भएकोले बगैंचाधनि कृषकहरुले निम्न उपायहरु अपनाउन हुनको लागि अनुरोध छ ।

**उपाय नं. १)**

विहान बेलुका २ पटक बगैचा डुल्नुहोस् । झरेका फलहरु सँकलन गरि प्लाष्टिकको थैलामा मुख बन्द गरि राख्नुहोस् वा १ फिट गहिरो खाल्डो खनेर पुरिदिनोस् ।

**उपाय नं. २)**

साँझ टर्च लाइटको उज्यालोमा यो पुतली कीरा हलचल नगरी बस्दछ । समाएर मार्नुहोस् र टोलका सवै कृषकहरु मिलेर कीरा मार्ने सामुहिक अभियान चलाउनुहोस्। बगैंचाको वरिपरि चम्किलो उज्यालो बत्तीको व्यवस्था गर्नुहोस् ।

**उपाय नं. ३)**

बाँसका लामा लामा लौराहरुमा पुराना सुती कपडाहरु बाँधेर धुँवा लगाउनुहोस् । धुँवाका लौरा बोकेर बगैंचामा डुल्नुहोस वा घाँसपात जम्मा गरेर धुँवा लगाउनुहोस् ।

**उपाय नं. ४)**

२ लिटर पानीमा २०० ग्राम सक्खर, १५ मिलिलिटर भेनेगर वा कुनै फलफूलको रस र २० मिलिलिटर मालाथिएन विषादीको चारो बनाएर कचौरामा १० बोट बरावर १ स्थानमा पासो राख्नुहोस् ।

**उपाय नं. ५)**

मालाथिएन विषादी २ मिलिलिटर प्रति लिटर पानीमा १०० ग्राम सक्खरको घोल मिसाउनुहोस् र बगैंचामा स्प्रे गर्नुहोस् ।

- यो कीराले साँझ परेपछि र विहान झिसमिसमै फल चुसेर नोक्सानी गर्ने हुनाले आवश्यक सावधानी अपनाउनुहोस्।
- कीरा मार्न तथा विषादी चलाउँदा सुरक्षित पहिरन लगाउनुहोस् ।
- अन्य थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइको कृषि प्राविधिकको मोवाइल नम्बर ९८४४१४८०६५ मा सम्पर्क गर्नुहोस् वा कृषि विकास कार्यालय वा नजिकैको वडा कार्यालयको कृषि प्राविधिकहरु संग सम्पर्क गर्नुहोस्।



सुँडे पुतली (फोटोः यामकुमार श्रेष्ठ,२०२४)



सुँडे पुतलीको अण्डाहरु
(स्रोतः छगन र मक्केना, २०१९)



सुँडे पुतलीको लार्भाहरु
(स्रोतः छगन र मक्केना, २०१९)



सुँडे पुतलीको अचल अवस्था
(स्रोतः छगन र मक्केना, २०१९)



फलमा प्वाल पारेर क्षति भएको अवस्था
(फोटोः यामकुमार श्रेष्ठ, २०२४)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सिन्धुली, भाद्र, २०८१